Regd. No.: 153639/073/074

Panchthar Power Company Ltd.

प.सं.०८१/०८२

च.नं. ६४

मिति २०८१।११।०७

Panchthar Power Company Ltd. * Lalitpur, Nepal *

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा,काठमाण्डौ ।

श्री सि.डि.एस. क्लियरिङ्ग लि.,
पुतलीसडक, काठमाण्डौ ।

**विषय : बार्षिक साधारण सभाको निर्णय पेश गरिएको वारे ।**

महेदय,

प्रस्तुत विषयमा यस पाँचथर पावर कम्पनी लिमिटेडको आ.वा. २०८०/०८१ को कम्पनीको नवौ बार्षिक साधारणसभा मिति २०८१ माघ २४ गते सम्पन्न भएको र सो बार्षिक साधारण सभाले गरेको निर्णय जानकारी को लागी पेश गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**बोधार्थ,**

श्री सानिमा क्यापिटल लिमिटेड, काठमाण्डौ ।

.............................
सुन्दर मणि सुवेदी
कम्पनी सचिव

Lalitpur-15, Hattiban, Nepal 977-1-5912003 977-1-5251004 ppchewa@gmail.com

प.लि.दर्ता नं. १५३६३९

# पाँचथर पावर कम्पनि लिमिटेड

## नवौ बार्षिक साधारण सभाको निर्णय (माइन्यूट)

पाँचथर पावर कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८१/१०/२ गते बसेको बैठकको निर्णय अनुसार बोलाईएको यस कम्पनीको नवौ बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सम्पन्न भयो ।

मितिः २०८१ साल माघ २४ गते (तदनुसार सन् २०२५ फेब्रुअरी ६ ,बिहिवार) ।
समयः दिनको ११.०० वजे
स्थानः होटल इम्पेरियल काठमाण्डौ बतिसपुतलिमा

१. **सभामा उपस्थितीः**

(क) **सञ्चालकहरुको उपस्थिती :**

१) श्री राजेश कुमार श्रेष्ठ - अध्यक्ष (प्रतिनिधि यू. वि. इन्भेष्टमेण्ट कम्पनि प्रा.लि.)

२) श्री रघुनाथ पुरी - संचालक (प्रतिनिधि मेघा भेन्चर प्रा.लि.)

३) श्री मति हिमा तिम्सिना - संचालक

४) श्री यज्ञ प्रसाद चापागाई - संचालक

५) श्री राजन काफ्ले - संचालक सर्वसाधारण तर्फ

६) श्री प्रकृति राज तिमिल्सिना –संचालक स्वतन्त्र

(ख) **शेयधनीहरुको उपस्थिती :**

| उपस्थिति विवरण | संख्या | शेयर कित्ता | प्रतिशत |
|---|---|---|---|
| स्वयम उपस्थिती | २२७ | ५१८६६५५ | ५३.८९% |
| प्रतिनिधि मार्फत उपस्थिती | ० | ० | |
| **जम्मा उपस्थिती** | २२७ | ५१८६६५५ | |

(ग) साधारण सभामा भाग लिन योग्य शेयरधनि र संख्याः
जम्मा शेयर संख्या ९६२५००० थान
जम्मा शेयरधनि संख्या ३९५८६

(३) **व्यवस्थापन तथा आमन्त्रितको उपस्थिती :**

श्री भिष्मराज चालिसे - प्रमुख कार्यकारी अधिकृत (सानिमा क्यापिटल)

श्री पुष्प ज्योती ढुङ्गाना – पुर्व प्रवन्ध संचालक पाँचथर पावर कम्पनी लि.

श्री सुन्दर मणी सुवेदी - कम्पनी सचिव

२. **सभाको सूचना :**

(क) मिति २०८१/१०/२ गते गते बसेको यस कम्पनीको सञ्चालक समितिको बैठकले कम्पनीको नवौ बार्षिक साधारण सभा मिति २०८१ माघ २४ गते बिहिवारका दिन बोलाउने निर्णय गरे अनुसार कम्पनी

Panchthar Power Company Ltd. * Lalitpur, Nepal *

ऐन २०६३ को दफा ६७ (२) र यस कम्पनीको नियमावलीको नियम १८ (३) बमोजिम सभा हुने मिति, समय, स्थान र छलफल गर्ने बिषयहरु समेत उल्लेख गरी मिति २०८१।१०/०३ र २०८१।१०।९ गते राष्ट्रिय दैनिक पत्रिका राजधानि र समाचार पत्रिकामा सूचना प्रकाशित गरी साधारण सभा सम्बन्धी जानकारी गराईएको थियो ।

(ख) उल्लेखित साधारण सभाको सूचनाको अतिरिक्त सञ्चालक समितिको बार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत अनुसूचीहरु सहितको बार्षिक प्रतिवेदन तयार गरिएको र सो बार्षिक प्रतिवेदनलाई कम्पनीको मुख्य कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको थियो । शेयरधनी महानुभावहरुले कारणबस सूचना नपाउनु भएमा यसैलाई सूचना सरह मानी सभामा भाग लिन आउनु होला भनी सूचना प्रकाशित गरिएको साथै अध्यावधिक टेलिफोन वाट समेत सुचना दिइएको व्यहोरा सभामा जानकारी गराईएको थियो ।

३. **आसन ग्रहण :**

पाँचथर पावर कम्पनी लि.को नवौ वार्षिक साधारण सभामा अतिथिको रुपमा उपस्थित रहनु भएका कम्पनीका पुर्व प्रवन्ध संचालक श्री पुष्प ज्योती ढुङ्गाना र सानिमा क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री भिष्म राज चालिसे ज्यूहरुले अतिथिको रुपमा आसन ग्रहण गर्नुभएको थियो भने कम्निका अध्यक्ष श्री राजेश कुमार श्रेष्ठ र संचालकहरु क्रमशः श्री रघुनाथ पुरी , श्रीमति हिमा तिम्सीना, यज्ञ प्रसाद चापागाई र प्रकृति राज तिमिल्सिना ज्युहरुले मंचमा आसन ग्रहण गर्नु भयो ।

४. **सभाको सभापतित्व :** कम्पनी ऐन, २०६३ को दफा ७४ (१) बमोजिम साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री राजेश कुमार श्रेष्ठले गर्नु भई सभाको कारवाही अगाडी बढाउन सभा सञ्चालक कम्पनी सचिवलाई अनुमति प्रदान गर्नु भयो ।

५. **सभाको उद्घाटन र सभा संचालन :**

कम्पनीका संचालक समितिका अध्यक्ष श्री राजेश कुमार श्रेष्ठले कम्पनीको बार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरेपछि कार्यतालिका अनुसार अध्यक्ष श्री राजेश कुमार श्रेष्ठले ज्यूले पानसमा बत्ती वालेर सभाको समुद्घाटन गर्नु भयो । सभाको समुद्घाटन पछि सभापतिज्यूको निर्देशन अनुसार कम्पनी सचिव श्री सुन्दर मणि सुवेदीले सभा संचालन गर्नु भयो ।

६. **गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा संचालनको लागि गणपूरक संख्याको लागि बाँडफाँट भएको कुल शेयर संख्याका ५१ प्रतिशत भन्दा बढी शेयरधनीको प्रतिनिधित्व हुने गरी स्वयं उपस्थित हुनु पर्नेमा आजको यस बार्षिक साधारण सभामा कुल शेयर संख्याको ५३.८९ प्रतिशत अर्थात ५१८६६५५ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी २२७ जना शेयरधनीहरुको उपस्थिती रहेको हुनाले सभामा गणपुरक संख्या पुरा भएको र सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिव श्री सुन्दर मणि सुवेदीले सभालाई जानकारी गराउनु भयो ।

७. **सभामा छलफल गरिने बिषयहरुको जानकारी :**

सभा संचालक कम्पनी सचिव श्री सुन्दर मणि सुवेदीले पूर्व निर्धारित सूचना अनुसार सभामा देहायका छलफलका बिषयहरु रहेको स्मरण गराउँदै बिषय सूचिहरु वाचन गरी सभालाई जानकारी गराउनु भयो ।

Panchthar Power Company Ltd. * Lalitpur, Nepal *

(क) **सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको नवौं वार्षिक (आर्थिक वर्ष २०८०/०८१) प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२. लेखापरीक्षकद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत सोसंग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरि पारित गर्ने सम्वन्धमा ।

३. आर्थिक वर्ष २०८१/०८२ को लागी लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४. सञ्चालकहरुको निर्वाचन सम्वन्धमा ।

(ख) **विशेष प्रस्तावहरु :**

१. कम्पनीको हाल कायम चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा विद्युत नियमन आयोगबाट पूर्व स्वीकृति लिई (विद्युत नियमन आयोगमा पूर्व स्वीकृतिको लागि निवेदन पेश गरिएको) हकप्रद शेयर निष्काशन गर्ने र सो अनुसार प्राप्त हुने रकमको उपयोग वारेमा संचालक समितिले गरेको निर्णय सम्वन्धमा ।

२. अधिकृत,जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने गरि प्रवन्धपत्रको दफा ६ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

३. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा हकप्रद शेयर निष्काशन सम्बन्धमा थप अन्य कार्यहरु समेत गर्न परेमा सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

(ग) **विविध :**

**<u>स्वागत मन्तब्य एवं बार्षिक प्रतिवेदनको प्रस्तुति</u> :**

सभाका सभापति अध्यक्ष श्री राजेश कुमार श्रेष्ठज्यूले उपस्थित सबै शेयरधनि महानुभावहरुमा कम्पनिको तर्फ वाट स्वागत गर्दै बार्षिक प्रतिवेदन वाचन गरी सभामा प्रस्तुत गर्नु भयो ।

सभाका सभापति अध्यक्ष श्री राजेश कुमार श्रेष्ठज्यूले सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात कम्पनीको आ.ब. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो संग सम्वन्धित अनुसूचिहरु उपर समेत आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सक्रिय रुपमा सहभागी हुन अध्यक्षज्यूले आह्वान गर्नु भएकोमा निम्न बमोजिमका शेयरधनीले आफ्नो जिज्ञासा एवं सुझावहरु प्रस्तुत गर्नु भयो ।

**छलफलमा सहभागी हुनु हुने शेयरधनी महानुभावहरु :**

**१. श्री सत्रुघन श्रेष्ठ :**

Panchthar Power Company Ltd. Lalitpur, Nepal

कम्पनीले संचालन गरेको आयोजनालाई बाढीले क्षति पुरुयाएको र हाल सम्म मर्मतमा रहेको अवस्थामा बिमा बाट मात्र नभएर राज्यस्तर बाटनै केहि राहत को सुविधा हुनुपर्ने मा राज्यले बेवास्ता गरको कुरा औंल्याउदै कम्पनीले हकप्रद शेयर निश्कान गर्ने प्रस्ताव सभामा ल्याएकोमा स्वागत गर्नुभयो ।

**२. श्री चन्द्र नारायण श्रेष्ठ**

आयोजनालाई वाढीवाट क्षति पुर्‍याकोमा दुख प्रकट गर्दै आयोजना छिटो सम्पन्न गर्न सुभावहरु प्रस्तुत गर्नु भयो । साथै राज्यले स्पस्ट जलविद्युत निति ल्याउनुपर्ने कुरा समेत राख्नु भयो ।

**३. श्री निरुपा गुप्ता**

कम्पनिले समयमै काम सम्पन्न गरि बिद्युत उत्पादन सुरु गर्नु पर्ने र आयोजनाको स्थलगत संरचनाहरु देखिने श्रव्यदृश्य पनि सभामा राखिदिन सुझाव गर्नुभयो ।

**४. श्री बैज्यू नाथ रोनियार**

आयोजनालाई वाढिले क्षति पुर्‍याएकोमा दुख व्यक्त गर्दै हकप्रद शेयर निश्काशन गर्ने प्रस्ताव सभामा ल्याएकोमा स्वागत गर्नुभयो ।

**५. श्री कृष्ण प्रसाद अधिकारी**

कम्पनीको साधारण सभामा स्वस्तिवाचन गर्दै सभाको सफलताको शुभकामन मन्तब्य राख्नु भयो ।

**६ सुदिप श्रेष्ठ ,लक्ष्मण बहादुर श्रेष्ठ, ब्रम्ह देव शाक्यय, उद्धव प्रसाद घिमिरे, गोविन्द बहादुर केसी, ईन्द्र कृष्ण श्रेष्ठ तथा इन्द्र बहादुर लामिछाने**

कम्पनिको साधारण सभामा उल्लेखित शेयरधनि महानुभावहरुले आ– आफ्नो सुझाव शुभकामना सहीत लिखित रुपमा पेश गरि आयेजनाको पुन निर्माण सम्पन्न गरि उत्पादन गर्न सुझाव दिदै हक प्रद शेयर निश्काशन गर्ने प्रस्तावलाई स्वागत गर्नु भएको छ ।

**अध्यक्ष श्री राजेश कुमार श्रेष्ठज्यूबाट जिज्ञासाहरुको प्रतिउत्तर तथा छलफलका विषय उपर प्रस्ताव :**

शेयरधनी महानुभावबाट आएका महत्वपूर्ण सुझावकोलागि श्री राजेश कुमार श्रेष्ठज्यूबाट धन्यवाद दिनु हुँदै सुझावहरुलाई मार्गदर्शनको रुपमा लिने बिश्वास दिलाउँदै आयोजनामा भएका पुन निर्माणको कार्यको सन्दर्भमा आफ्नो धारणा प्रस्तुत गर्नु भयो ।

**७. सभाबाट भएका निर्णयहरु :**

**(क) सामान्य प्रस्ताव एवं निर्णय:**

**प्रस्ताव १.** अध्यक्षज्यूको मन्तव्य तथा नवौ बार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट आ.व. ०८०/०८१ को प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

**निर्णय :-** प्रस्ताव नं. १ अन्तर्गत अध्यक्षज्यूबाट नवौ बार्षिक साधारण सभामा पेश भएको आ.व. ०८०/०८१ को सञ्चालक समितिको नवौ वार्षिक प्रतिवेदन माथि भएको छलफल तथा जिज्ञासा लाई सम्वोधन पछि सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदन सर्वसम्मति बाट पारित भयो ।

**प्रस्ताव २.** लेखापरीक्षकद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन,वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत सोसंग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरि पारित गर्ने सम्वन्धमा ।

**निर्णय :-** प्रस्ताव नं. २ अन्तर्गत छलफल आ.व. ०८०/०८१ को आर्थिक कारोबारको लेखा परिक्षक श्री ठाकुर प्रसाद अधिकारी ज्यूले प्रमाणित गर्नुभएको लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान,

Panchthar Power Company Ltd. Lalitpur, Nepal

हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्वन्धित अनुसुचीहरु पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत भएकोमा सो प्रतिवेदन उपर छलफल भए पश्चात सर्वसम्मतिबाट पारित भयो ।

**प्रस्ताव ३.** आगामी आ.व. २०८१/०८२ को लागी लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

**निर्णय :-** प्रस्ताव नं.३ अन्तर्गत आगामी आ.व. २०८१।०८२ को लागि प्राप्त भएका लेखापरिक्षण फर्महरु मध्ये किरण आचार्य एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट्स श्री किरण आचार्य लाई नियुक्तिको लागि संचालक समितिले सिफारिस गरे बमोजिम नियुक्ती गर्ने र लेखापरीक्षण शुल्क वापत मू.अ.कर.बाहेक रु.२,००,०००।-(दुई लाख ) मात्र पारिश्रमिक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**प्रस्ताव ४. सञ्चालकहरुको निर्वाचन सम्वन्धमा ।**

**निर्णय :** प्रस्तावनं.४ अन्तर्गत छलफल गरिँदा कम्पनीको नियमावलिको नियम २७ मा भएको ब्यवस्था वमोजिम संस्थापक समुहबाट ५ जना श्री राजेश कुमार श्रेष्ठ, श्री रघुनाथ पुरी, श्रीमति हिमा तिम्सिना, श्री यज्ञ प्रसाद चापागाई, श्री निश्चल खरेल, तथा सर्वसाधारण समुहबाट १ जना श्री साजन काफ्ले, गरि ६ जनाको निर्बिरोध निवार्चित हुनुभएको र संचालक समिति वाट नियुक्त स्वतन्त्र संचालक श्री प्रकृति राज तिमिल्सिना को नियुक्ति लाई अनुमोदन गर्दै सञ्चालक समितिमा महिलाको प्रतिनिधित्व सहित ७ जनाको सञ्चालक समिति रहने गरि निर्विरोध निर्वाचित तथा अनुमोदन हुनु भएकोले सो प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ख. विशेषप्रस्तावहरु :**

**प्रस्ताव १.** कम्पनीको हाल कायम चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशनगर्ने सम्बन्धमा विद्युत नियमन आयोगबाट पूर्व स्वीकृति लिई (विद्युत नियमन आयोगमा पूर्व स्वीकृतिको लागि निवेदन पेश गरि प्रकृयामा रहेको ) हकप्रद शेयर निष्काशन गर्ने र सो अनुसार प्राप्त हुने रकमको उपयोग वारेमा संचालक समितिले गरेको निर्णय सम्वन्धमा ।

**निर्णय :** बिशेष प्रस्तावनं.१ अन्तर्गत छलफल गरिँदा आयोजनालाई बाढीले क्षति पुर्‍याएको र पुन निर्माण को लागी बैक वाट थप कर्जा लिएर निर्माण कार्य भईरहेको र बैक वाट लिएको कर्जा भुक्तानीको लागी कम्पनीको हाल कायम चुक्ता पूँजी ९६,२५,००० थानको रु १०० दरको रु ९६,२५,००,०००।–को १:१ अनुपातमा ९६,२५,००० थानको रु १०० दरको रु ९६,२५,००,०००।–मुल्य बराबरको हकप्रद शेयर जारी गरी उपोग गर्ने संचालक समितिले निर्णय गरि यस साधारण सभामा प्रसताव पेश गरेकोले कम्पनीको हाल कायम चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा विद्युत नियमन आयोगबाट स्वीकृति लिई (विद्युत नियमन आयोगमा पूर्व स्वीकृतिको लागि निवेदन पेश गरि प्रकृयामा रहेको ) हकप्रद शेयर निष्काशन गर्ने र सो अनुसार प्राप्त हुने रकम बैक कर्जा भुक्तानि तथा आयोजनाको पुन निर्माणमा लाग्ने खर्च गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव २.** जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने गरि प्रवन्धपत्रको दफा ६ मा आवश्यक संशोधन गर्ने सम्वन्धमा ।

**निर्णय :** बिशेष प्रस्तावनं.२ अन्तर्गत छलफल गरिँदा कम्पनीको हाल कायम चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर जारी गरी गर्ने निर्णय भएकोले हाल कम्पनीमा कायम रहेको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गरि कम्पनीको अधिकृत,जारी र चुक्ता पूँजी रु.१,९२,५०,००,०००।- (अक्षरुपी एक

Panchthar Power Company Ltd. Lalitpur, Nepal

अर्ब बयान्नब्बे करोड पचास लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयररु.१००।- दरका १,९२,५०,०००थान साधारण शेयरमा विभाजन गरिएको छ भन्ने व्यवस्था पारित गर्दै कम्पनीको प्रवन्ध पत्रको दफा ६ को क, ख, ग र घ मा संशोधन गर्ने सर्वसम्मत निर्णय गर्दै तपसिल बमोजिमको कम्पनिको प्रवन्ध पत्रको संशोधित तिनमहले बिवरण लाई स्विकृत गर्ने सर्वसम्मत निर्णय भयो ।

**पाँचथर पावर कम्पनी लिमिटेड**
**प्रवन्धपत्र**
**को**
**साविक र वर्तमान व्यवस्थाहरु सम्बन्धि संशोधित तिन महले विवरण**

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| ६. दफा ६.<br>(क) कम्पनीको अधिकृत पूँजी रु.९६,२५,००,०००।- (अक्षरुपी छयान्नब्बे करोड पच्चिस लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ९६,२५,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । | दफा ६.<br>क) कम्पनीको अधिकृत पूँजी रु.१,९२,५०,००,०००।- (अक्षरुपी एक अर्ब बयान्नब्बे करोड पचास लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयररु.१००।- दरका १,९२,५०,०००थान साधारण शेयरमा विभाजन गरिएको छ । | हकप्रद शेयर जारी गर्नुपर्ने भएकोले अधिकृत पूँजी वृद्धि गर्ने । |
| (ख) कम्पनीको जारी पूँजी रु.९६,२५,००,०००।- (अक्षरुपी छयान्नब्बे करोड पच्चिस लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका ९६,२५,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । | (ख) कम्पनीको जारी पूँजी रु.१,९२,५०,००,०००।- (अक्षरुपी एक अर्ब बयान्नब्बे करोड पचास लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका १,९२,५०,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । | हकप्रद शेयर जारी गर्नुपर्ने भएकोले जारी पूँजी वृद्धि गर्ने । |
| (ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कवोल गरेको पूँजी रु.७७,००,००,०००।- (अक्षरुपी सतहत्तर करोड मात्र) हुनेछ । | (ग) कम्पनीको चुक्ता पूँजी रु.१,९२,५०,००,०००।- (अक्षरुपी एक अर्ब बयान्नब्बे करोड पचास लाख मात्र) हुनेछ । | हकप्रद शेयर जारी गर्नुपर्ने भएकोले जारी पूँजी वृद्धि गर्ने । |
| (घ) कम्पनीको शेयर पूँजीको समुहगत वर्गिकरण देहाय अनुसार हुनेछ ।<br>कम्पनिको जारी पूँजी मध्ये ८० प्रतिशत संस्थापक (क) समुहको लागी र २० प्रतिशत सर्वसाधारण शेयरधनिहरु (ख) समुहलाई वितरणको लागी छुट्याईएको छ । जस मध्ये तत्काल चुक्ता गरेको पूँजि रु. ७७,००,००,०००।–(अक्षरुपी सतहत्तर करोड मात्र) रहेको छ । | – | हाल संस्थापक र सर्वसाधारण समुह एउटै भएको र दफा ६ (घ) हटाउनुपर्ने भएकोले । |

**प्रस्ताव ३.** उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा हकप्रद शेयर निष्काशन सम्बन्धमा थप अन्य कार्यहरु समेत गर्न परेमा सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**निर्णयः** बिशेष प्रस्तावनं.३ अन्तर्गत छलफल गरिँदा पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा हकप्रद शेयर निष्काशन सम्बन्धमा थप अन्य कार्यहरु समेत गर्न परेमा सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रतावलाई पारित गर्ने सर्वसम्मतिले निर्णय भयो ।

**५. विविध ।**

**निर्णयः** बिबिध अन्तर्गत संचालक समितिका सदस्यहरुको बैठक भत्ता वापतको रकमलाई साबिकमा दिईआएको अध्यक्ष लाई प्रति बैठक रु १५,०००।- र संचालक सदस्यहरुलाई रु.१०,०००।– लाई नै निरन्तरता दिने सर्वसम्मतिले निर्णय भयो र अन्त्यमा यस कम्पनीको नवौ बार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तव्य, जिज्ञासा, टिप्पणी तथा सुझाव कम्पनीका लागि महत्वपूर्ण रहेको उल्लेख गर्दै संचालक समिति तथा व्यवस्थापनलाई मार्ग निर्देशन प्रदान गर्नु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै साधारण सभा सफलतापूर्वक सु-समपन्न गर्न सहयोग पुऱ्याउनु हुने व्यवस्थापन एवं कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु हुँदै अध्यक्षज्यूले सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

कम्पनी सचिव

Panchthar Power Company Ltd. Lalitpur, Nepal

अध्यक्ष

मिति २०८१।१०।२४